बालमैत्री स्थानीय शासनः राष्ट्रिय रणनीति २०७४

Child Friendly Local Governance (CFLG) National Strategy

नेपाल सरकार

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

सिंहदरवार

२०७४

विषय सूची

खण्ड १: परिचय २
१.१ पृष्ठभूमि २
१.२ परिभाषाः ३
१.३ बालमैत्री स्थानीय शासन रणनीतिको उद्देश्य ४
१.४ बालमैत्री स्थानीय शासन रणनीतिको औचित्य ४
१.५ शासकीय पद्धतिमा बालमैत्री स्थानीय शासनको योगदान ५
खण्ड २: बाल अधिकार सम्बन्धी नीतिगत तथा कानुनी व्यवस्था ६
२.१ बाल अधिकार सम्बन्धमा भएका महत्वपूर्ण प्रयासहरु ६
२.२ बाल अधिकार सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा भएका अन्य प्रयासहरु ९
खण्ड ३: बालमैत्री स्थानीय शासनको रणनीतिक व्यवस्था १०
३.१ बालमैत्री स्थानीय शासनको रणनीतिक सोच १०
३.२ बालमैत्री स्थानीय शासनको लक्ष्य १०
३.३ बालमैत्री स्थानीय शासनका उद्देश्यहरु १०
३.४ बालमैत्री स्थानीय शासनका निर्देशक सिद्धान्त १०
३.५ बालमैत्री स्थानीय शासनका रणनीतिहरु १२
३.६ बालमैत्री स्थानीय शासनको संस्थागत संरचना सम्बन्धी व्यवस्था १५
३.७ बालमैत्री स्थानीय शासनका तहगत खुड्किलाहरु १७
खण्ड ४: बालमैत्री स्थानीय शासनको विस्तार र स्रोत व्यवस्था १८
४.१ बालमैत्री स्थानीय शासन पद्धति विस्तार १८
४.२ वित्तीय स्रोत व्यवस्था १८
खण्ड ५: बालमैत्री स्थानीय शासनका अपेक्षित प्रतिफल तथा सूचकहरु २०
५.१ बालमैत्री स्थानीय शासनका प्रतिफलहरु २०
५.२ उपलब्धि मापनका न्यूनतम् सूचकहरु २१
खण्ड ६: बालमैत्री स्थानीय शासन पद्धतिको छनौट, अवलम्बन र घोषणा २२
६.१ बालमैत्री स्थानीय शासन पद्धतिको छनौट २२
६.२ बालमैत्री स्थानीय शासन पद्धतिको अवलम्बन २२
६.३ बालमैत्री स्थानीय तह घोषणा २२
खण्ड ७: विविध २३
७.१ पूर्वानुमान २३
७.२ जोखिम पक्ष २३
७.३ संसोधन गर्न सकिने २३

अनुसूची १ ..... २५
बालमैत्री स्थानीय शासन रणनीतिक ढाँचा २५
अनुसूची २ ..... २९
बालमैत्री कार्यक्रमका लागि नगरपालिकाका वडा तथा गाउँ विकास समिति छनौटका आधारहरु २९
अनुसूची ३ ..... ३०
बाल अधिकारमा आधारित बालमैत्री स्थानीय शासनसम्बन्धी न्यूनतम results/ सूचकहरु ३०

खण्ड १: परिचय

१.१ पृष्ठभूमि

बालमैत्री स्थानीय शासन बाल अधिकार सम्बन्धी समग्र पक्ष (बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता) को प्रवर्द्धन गरी नेपालको संविधान बमोजिम स्थानीय तहमा सुशासन अभिवृद्धि गर्न ल्याइएको अवधारणा हो । बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (CRC), १९८९ को अवधारणा, नेपालको संविधान, २०७२ मा भएको बाल अधिकार सम्बन्धी व्यवस्था, नेपालको चौथौ आवधिक योजना (२०७३/७४–२०७५/०७६), बालबालिका सम्बन्धी ऐन, २०४८ तथा स्थानीय शासन ऐन, ...ले बालबालिकाको पक्षमा नीतिगत एवं कानुनी प्रावधान राखी बाल अधिकारको समग्र पक्षमा वकालत गरेका छन् । स्थानीय सरकारको रुपमा रहेका नगरपालिका, गाउँपालिका जनताको नजिकमा रहेर सेवा प्रवाह गर्ने निकायको रुपमा स्थापित भैसकेका छन् । यस सन्दर्भमा बालअधिकारको विषयलाई स्थानीय तहको समग्र कार्य पद्धति र प्रणालीमा अर्न्तभूत गर्दै कार्यान्वयनमा लैजान उपयुक्त देखिन्छ ।

साबिकका केन्द्रीय, तथा स्थानीय निकायको समन्वय र सहयोगमा बालमैत्री विकासका पक्षमा धेरै कामहरु भएका छन् । बालश्रम सम्बन्धी गुरुयोजना (२०६१/६२-२०७१/७२), बालश्रम (निषेध र नियमन गर्ने) ऐन, २०५६ लागू भैसकेको र बालबालिकाको लागि १० वर्षे (२०६१-२०७१) राष्ट्रिय कार्ययोजना अनुसार कार्यक्रम संचालन भएको देखिन्छ । तथापि बालबालिकाको विकास र बाल अधिकार संरक्षणमा उल्लेखनीय प्रगति हासिल गर्न थप प्रयास गर्नुपर्ने देखिन्छ । वि. सं २०६८ को जनगणना अनुसार नेपालको जनसंख्या २ करोड ६४ लाख ९५ हजार ५०४ पुगेको छ (केन्द्रीय तथ्याङ्क विभाग, २०६८) । यसमा करिब ४७.५ प्रतिशत १८ वर्ष मुनिका बालबालिकाको रहेको पाइन्छ भने १६ वर्ष मुनिका बालबालिकाको जनसंख्या ४०.९३ प्रतिशत रहेको छ । नवजात शिशु मृत्युदर प्रति हजार जीवित जन्ममा २१, शिशु मृत्युदर प्रति हजार जीवित जन्ममा ३२ र बाल मृत्युदर (पाँच वर्ष मुनि) प्रति हजार जीवित जन्ममा ३९ रहेको छ (आर्थिक सर्वेक्षण, २०७४) । तथ्याङ्कीय आधार तथा सेवाको सुनिश्चितताका लागि व्यक्तिगत घटना दर्ता खासगरी जन्म दर्तालाई अझ प्रभावकारी रुपमा अभियानको रुपमा अगाडि बढाउनुपर्ने आवश्यकता देखिएको छ । विद्यालय जाने उमेरका बालबालिका मध्ये करिब ९६.६ प्रतिशत विद्यालय भर्ना हुने गरेका छन् (आर्थिक सर्वेक्षण, २०७४) । सबैका लागि शिक्षाको अबधारणा अनुसार बालबालिकाहरुलाई विद्यालय पठाउनु अपरिहार्य भैसकेको छ ।

विगतमा साविकका केही नगरपालिका र गाँउ विकास समितिहरुले नमुनाको रुपमा बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम संचालन गरेका थिए । त्यस्ता कार्यक्रमहरुबीच एकरुपता ल्याउन, सामन्जस्य कायम गर्न र क्षेत्र विस्तार गर्न आवश्यक ठानियो र स्थानीय शासन प्रक्रियामा बालबालिकाहरुको अधिकार सम्बन्धी सबाललाई समावेशी सिद्वान्तको आधारमा मूलप्रवाहीकरण गर्दै बालमैत्री स्थानीय शासनको संस्थागत विकासको थालनी गर्न गराउनको लागि बालमैत्री स्थानीय शासनः राष्ट्रिय रणनीति, २०६८ कार्यान्वयनमा ल्याइएको थियो । नयाँ संविधान अनुसार भएको राज्यको पुनःर्संरचना, स्थानीय तहमा थपिएको थप जिम्मेवारी एवं प्रान्तिय सरकारको भुमिका लगायतका विषयलाई सम्वोधन गरी नयाँ रणनीति लिन आवश्यक भएकोले (-**बालमैत्री**) स्थानीय शासनः राष्ट्रिय रणनीति, २०७४ कार्यान्वयनमा ल्याईएको छ ।

१.२ परिभाषाः

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस राष्ट्रिय रणनीतिमा :–

(१) "बालबालिका" भन्नाले १८ वर्ष उमेर ननाघेका व्यक्तीलाई सम्झनुपर्दछ ।

(२) "स्थानीय शासन" भन्नाले स्वायत्त शासनको अवधारणा अनुरुप नेपालको संविधान तथा स्थानीय शासन ऐन, २०७४ बमोजिम जनताको नजिकमा रहेका स्थानीय तहका प्रतिनिधि मार्फत् संचालन गर्ने शासकीय पद्धतिलाई सम्झनुपर्दछ ।

(३) "बालमैत्री शासन" भन्नाले बिनाभेदभाव (गैर विभेदीकरण), बालबालिकाको सर्बोत्तम हित, सर्वाङ्गीण विकास र सहभागिताको सिद्धान्तमा आधारित भै बाल अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन गर्न राज्यको तर्फबाट गरिने समष्टिगत पद्धति र परिपाटीलाई सम्झनुपर्दछ ।

(४) "बालमैत्री स्थानीय शासन" भन्नाले बाल बचाउ, बाल संरक्षण, बाल विकास र सार्थक बाल सहभागिताजस्ता बाल अधिकारका सबाललाई स्थानीयस्तरको(**तहको**) नीति, योजना, संरचना, प्रणाली र कार्य प्रक्रियामा **-व्यवहारमा**)संस्थागत गर्ने शासकीय पद्धतिलाई सम्झनुपर्दछ ।

(५) "सामुदायिक संस्था" भन्नाले जनचेतना सम्बन्धी तालिम, अभिमुखिकरण, सीप विकास, वचत, कर्जा परिचालन, समावेशी विकास र सशक्तिकरण गर्ने उद्देश्यले निश्चित प्रक्रिया अबलम्वन गरी प्रचलित कानुन बमोजिम स्थापना भएका संस्था तथा स्थानीय तहमा सूचीकृत भएका समुदायमा आधारित संस्था सम्झनु पर्दछ ।

(६) "स्थानीय तह" भन्नाले नेपालको संविधानको व्यवस्था अनुसारका गाउँपालिका, नगरपालिका र जिल्ला सभा सम्झनु पर्छ ॥

(७) "नगरपालिका" भन्नाले नेपालका महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकाहरु सम्झनुपर्दछ ।

(८) "गैर सरकारी संस्था" भन्नाले यस रणनीतिको प्रयोजनको लागि प्रचलित कानुन बमोजिम बालबालिकाको क्षेत्रमा कार्य गरिरहेका(**स्थानीय**) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरु सम्झनुपर्दछ ।

(९) "बालमैत्री गाउँपालिका/नगरपालिका" भन्नाले बाल सहभागितालाई सुनिश्चित गर्दै बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०७४ तथा बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०७४ मा आधारित भै स्थानीय तह आफैले आवधिक र वार्षिक योजना तथा बजेट तर्जुमा गरी निर्धारण गरेका न्यूनतम सूचकहरु सुनिश्चित गरी सम्बन्धित सभाबाट बालमैत्री स्थानीय तह भनी घोषणा गरिएको गाउँपालिका र नगरपालिकालाई सम्झनुपर्दछ ।

(१०) “बालमैत्री कार्यक्रम” भन्नाले बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीतिमा आधारित भै सरकारी तथा गैर सरकारी क्षेत्रबाट र साझेदारीमा संचालन हुने कार्यक्रमहरु सम्झनुपर्दछ ।

(११) “विकास साझेदार” भन्नाले द्विपक्षीय तथा बहुपक्षीय दातृ निकायहरु, संयुक्त राष्ट्रसंघीय निकायहरु र अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरु सम्झनुपर्दछ ।

(१२) “बाल क्लव” भन्नाले बाल समूह, बाल क्लब, बाल मञ्च तथा बाल संजाल समेत सम्झनुपर्दछ ।

१.३ बालमैत्री स्थानीय शासन रणनीतिको उद्देश्य

बालबालिकाको विद्यमान अवस्था र आवश्यकतालाई दृष्टिगत गरी बालमैत्री स्थानीय शासन पद्धतिको स्थापना र प्रवर्द्धनका लागि नीतिगत, संस्थागत र प्रक्रियागत व्यवस्था सुनिश्चित गरी बालमैत्री कार्यक्रम(**पद्धति**) संचालनको रणनीति, कार्यनीति, समन्वय, उपलब्धि र अन्तिम नतिजा प्राप्तिमा एकरुपता ल्याउन सहयोग पुऱ्याउनु यस रणनीतिको उद्देश्य रहेको छ ।

१.४ बालमैत्री स्थानीय शासन रणनीतिको औचित्य

शासकीय प्रणाली र सेवा प्रवाहका सम्बन्धमा बालबालिकाका सबालहरु सम्बोधन हुन आवश्यक ठानी नेपालका केही नगरपालिका र गाउँपालिकाहरुले नमुनाको रुपमा बालमैत्री स्थानीय शासनसम्बन्धी कार्यक्रम संचालन गरिरहेका छन् । यस्ता कार्यक्रमको निरन्तरता दिदै हालको परिवर्तित सन्दर्भ र नयाँ संविधानको प्रावधान अनुरुप सवै स्थानीय तहमा यस्ता कार्यक्रमहरुबीच एकरुपता ल्याउन र सामन्जस्य कायम गरी बालबालिकाको समुचित विकास गर्न अत्यावश्यक छ । यसै सन्दर्भमा स्थानीय शासन प्रक्रियामा बालबालिकाको अधिकार सम्बन्धी सबाललाई समावेशी सिद्वान्तको आधारमा मूलप्रवाहीकरण गर्दै बालमैत्री स्थानीय शासनको अवधारणाको संस्थागत विकास गर्न गराउनको लागि साबिकको रणनीतिमा परिर्माजन गरी नयाँ रणनीति ल्याउन आवश्यक देखिएको छ । यस रणनीतिको औचित्य देहाय बमोजिम रहेको छ :

क) बालमैत्री स्थानीय शासन प्रक्रियालाई सवै स्थानीय तहमा एकरुपता कायम हुने गरी बालमैत्री स्थानीय शासन पद्धति सुदृढ गर्नु गराउनु,

ख) बालबालिकाको क्षेत्रमा काम गर्ने सरकारी, गैरसरकारी र निजी क्षेत्रबीच समन्वय र साझेदारीको विकास गरी बालमैत्री स्थानीय शासनको प्रवर्द्धनका लागि साझेदारहरुबीच आर्थिक तथा प्राविधिक सहयोग एवं सहकार्यको वातावरण सिर्जना गर्नु गराउनु,

ग) बालमैत्री स्थानीय शासनको लागि संघीय,प्रदेशिक तथा स्थानीय(**तहको**) नीति एवं क्रियाकलापबीच सामन्जस्य कायम(**गरि सामाजिक रुपान्तरणको थालनी**) गर्नु गराउनु,

घ) बालमैत्री स्थानीय शासनको लागि संस्थागत क्षमता र मानव संसाधन विकास गर्न सहयोग पुऱ्याउनु ।

ङ) नेपालको संविधान, २०७२, बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८९, बालबालिका सम्बन्धी ऐन, २०४८ र बालबालिका सम्बन्धी प्रचलित ऐन कानुनका प्रावधानहरुलाई कार्यान्वयन गरी बालबालिकालाई समय सापेक्ष सेवा प्रदान गरी अबसर सिर्जना र सोको न्यायोचित बितरण गर्नु ।

च) संघीय पद्धतिमा बालमैत्री स्थानीय सुशासन हासिल गर्नमा टेवा पुऱ्याउनु ।

१.५ शासकीय पद्धतिमा बालमैत्री स्थानीय शासनको योगदान

बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीतिले स्थानीय तहलाई देहायका विषयमा सहयोग पुऱ्याउँछ :

क) स्थानीय तह, प्रान्तिय तह र केन्द्रीय तहहरुबाट स्थानीय तहमा बालबालिकाको क्षेत्रमा संचालन हुने बालबालिका सम्बन्धी योजना तथा कार्यक्रमलाई नतिजामुखी एवं प्रभावकारी बनाउने ।

ख) बालबालिकाको परिपक्वता र क्षमताको आधारमा स्थानीय शासन पद्धतिमा बालसहभागिता अभिवृद्धि गर्ने ।

ग) स्थानीय तह र सेवा प्रवाह सम्बन्धी संस्थाहरुलाई जवाफदेही र उत्तरदायी बनाउने ।

घ) बालअधिकारप्रति बयस्कहरुको सकारात्मक सोचको विकास र सहमतिको वातावरण सिर्जना गर्ने ।

ङ) स्थानीय तह र तिनका विषयगत शाखा, गैर सरकारी संस्था, निजी क्षेत्र, विकास साझेदार र स्थानीय समुदायको साधन र स्रोत बालबालिकाको क्षेत्रमा प्रवाहित गर्ने ।

च) बालबालिकाहरु माथि हुने सबै प्रकारका हिंसा, शोषण र विभेदको अन्त्य गर्ने ।

खण्ड २: बाल अधिकार सम्बन्धी नीतिगत तथा कानुनी व्यवस्था

२.१ बाल अधिकार सम्बन्धमा भएका महत्वपूर्ण प्रयासहरु

बाल अधिकार सम्बन्धमा विभिन्न राष्ट्रिय कानुन तथा अन्तर्राष्ट्रिय सन्धिहरुले व्यवस्था गरेका छन् । त्यस सम्बन्धमा भएका मुख्य विषयहरुलाई देहाय बमोजिम उल्लेख गरिएको छ ।

क) बाल अधिकार सम्बन्धी महासन्धि (CRC)

बाल अधिकार महासन्धि १९८९ (नेपालले १४ सेप्टेम्वर १९९० मा अनुमोदन गरेको) ले बाल अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन गर्न गैरविभेदीकरण (धारा २), सर्वोत्तम हित (धारा ३), सर्वाङ्गीण विकास (धारा ६) र सहभागिता (धारा १२) को सिद्धान्तलाई प्रतिपादन गरेको छ । यिनै सिद्धान्तमा आधारित भई बाल बचाउ, बाल संरक्षण, बाल विकास, बाल सहभागिता जस्ता चारवटा क्षेत्रमा केन्द्रित हुदै बाल अधिकारलाई सम्बोधन गर्ने गरी बालमैत्री स्थानीय शासन प्रणालीको प्रवर्द्धन गर्न बालबालिकालाई शासन व्यवस्थाको प्रतिफल दिलाउन आवश्यक छ ।

ख) नेपालको संविधान, २०७२ किन २०६३?

नेपालको अन्तरिम संविधान, २०६३ मा बालबालिकाको सम्बन्धमा देहायका अधिकारहरु प्रत्याभूत गरिएका छन् :

(१) समानताको हक (धारा २२): सबै नागरिक कानुनको दृष्टिमा समान हुनेछन् । कसैलाई कानुनको समान संरक्षणबाट वंचित गरिने छैन । तर बालबालिकाको संरक्षण, सशक्तीकरण वा विकासको लागि कानुनद्वारा विशेष व्यवस्था गर्न सकिने छ ।

(२) बालबालिकाको हक (धारा ३९) : यस धारामा बालबालिकाको हक सम्वन्धमा देहायका अधिकारहरु प्रत्याभूत गरिएका छन् ।

(क) प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामकरण र जन्मदर्ताको हक हुनेछ ।

(ख) प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वांगीण व्यक्तित्व विकासको हक हुनेछ ।

(ग) प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ ।

(घ) कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन ।

(ङ) कुनै पनि बालबालिकालाई बाल विवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन ।

(च) कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन ।

(छ) कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन ।

(ज) प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुनेछ ।

(झ) असहाय, अनाथ, अपांगता भएका, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ ।

(ञ) वुद्धा (घ), (ङ), (च) र (छ) विपरीतका कार्य कानून बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

(३) सामाजिक सुरक्षाको हक (धारा ४३):बालबालिकालाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ ।)

ग) स्थानीय शासन ऐन, २०७४:

योजना तर्जुमा गर्दा बालबालिकाको सहभागितामा बालबालिकालाई प्रत्यक्ष लाभ पुग्ने वालमैत्री आयोजनाहरु छान्न प्राथमिकता दिनुपर्ने व्यवस्था गरेको छ । यस्तै यस ऐनमा स्थानीय तहहरुले बालबालिकाको हित र कल्याण सम्बन्धी कार्यक्रमहरु जस्तो सडक बालबालिकाको उधार र पुनर्स्थापना गर्ने गराउने, सुरक्षित मातृत्व, विद्यार्थी भर्ना, पूर्णा खोप जस्ता अभियान सञ्चालन गर्ने, बालविवाह, कमलरी प्रथा, बालश्रमको उन्मूलन गर्ने, बालबालिकाहरूलाई बि.सि.जि., पोलियो, भिटामिन "ए" को व्यवस्था गर्ने, बालउद्यानको व्यवस्था गर्नुपर्ने, पोषण कार्यक्रमको सञ्चालन गर्ने जस्ता कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने गराउने व्यवस्था मिलाउनुपर्ने जिम्मेवारी तोकिदिएको छ ।

घ) बालबालिकासम्बन्धी ऐन, २०४८

प्रत्येक बालक जन्मेपछि निजको बाबु भए बाबुले, बाबु नभए आमाले र आमा पनि नभए परिवारका अन्य सदस्यले आफ्नो धर्म, संस्कृति र चलन अनुसार बालकको नाम राखिदिनु पर्छ । बालकको बाबु, आमा वा परिवारको कुनै सदस्य जीवित नरहेकोमा वा पत्ता नलागेकोमा बालकलाई पाल्ने व्यक्ति वा संस्थाले बालकको नाम राखिदिनु पर्ने व्यवस्था ऐनको दफा ३ (१) ले गरेको छ । यस्तै ऐनको दफा ४ (१) ले बाबु, आमाले आफ्नो परिवारको आर्थिक अवस्था अनुसार प्रत्येक बालकको पालन पोषण गर्नुका अतिरिक्त निजको शिक्षा, स्वास्थोपचार, खेलकुद तथा मनोरञ्जनको सुविधाहरुको व्यवस्था गर्नुपर्ने जस्ता प्रावधान गरेको छ ।

ङ) बालश्रम (निषेध र नियमित) ऐन, २०५६

कसैले पनि बालकलाई ललाई, फकाई वा झुक्याएर वा कुनै प्रलोभनमा वा डर, त्रास वा दबावमा पारी वा अन्य कुनै तरिकाले निजको इच्छा विरुद्ध श्रमिकको रुपमा काममा लगाउनु हुँदैन भन्ने व्यहोरा बालश्रम (निषेध र नियमित) ऐन, २०५६ को दफा ४ मा उल्लेख भएको छ । यसैगरी बालकलाई काममा लगाउँदा दिनमा छ घण्टा र एक सप्ताहमा छत्तीस घण्टाभन्दा बढी अतिरिक्त पारिश्रमिक दिई वा नदिई काममा लगाउनु हुँदैन भन्ने व्यहोरा दफा ९ (२) मा रहेको छ । ऐनको दफा १० (१) ले प्रतिष्ठानले श्रमिकको रुपमा काम गर्ने बालकलाई लिङ्ग, वर्ण, धर्म वा जातजातिको आधारमा कुनै भेदभाव नगरी समान कामको लागि समान पारिश्रमिक र सुविधा दिनुपर्ने व्यवस्था गरेको छ । ऐनको दफा ११ ले कुनै पनि प्रतिष्ठानमा व्यवस्थापकले त्यहाँ काम गर्ने बालकको स्वास्थ्य र सुरक्षा सम्बन्धी व्यवस्था गर्नुपर्ने प्रावधान राखेको छ ।

च) चौथौं योजना (२०७३/७४–२०७५/७६)

चौथौं योजना (२०७३/७४–२०७५/७६)को परिच्छेद-४, क्षेत्रगत विकास नीतिहरूको ४.४.६ मा बालबालिका तथा किशोरकिशोरी.खण्डको रणनीति प्रकरणमा (१)बालबालिकालाई गर्भावस्थादेखि नै आवश्यक स्वास्थ्य र पोषण सेवा सुनिश्चित गर्ने । (२) बालबालिका र किशोरकिशोरीको शारीरिक, मानसिक र बौद्धिक विकासमा जोड दिने । (३) बालबालिका र किशोरकिशोरी विरूद्ध हुने सबै प्रकारका हिंसा अन्त्यका लागि निरोधात्मक, उपचारात्मक र प्रवर्द्धनात्मक उपाय अवलम्बन गर्ने । (४) सबै प्रकारका बालश्रम न्यूनीकरण तथा निषेध गर्ने । (५) सडक बालबालिकाको उद्धार, संरक्षण, नियन्त्रण गर्ने । एंव परिच्छेद-७ को ७.२.१ सङ्घीयता तथा स्थानीय स्वायत्त शासन खण्डमा बालबालिकाको बचाउ, संरक्षण, विकास र सहभागिताको प्रवर्धन लागि बालमैत्री स्थानीय शासनलाई मुलुकभर विस्तार गर्ने रणनीति लिइएको छ ।

छ) सहस्राब्दी विकास लक्ष्यहरु

Comment [DL1]: Title should be changed to SDG

दिगो विकास लक्ष्यमा १७ वटा लक्ष्यहरू, १६९ वटा गन्तव्यहरू र २३९ वटा सूचकहरू छन ।यस्ता लक्ष्यहरु बाल अधिकार र बाल विकासको क्षेत्रमा परिलक्षित छन् ।

१ सबै प्रकारका गरिबीको अन्त्य गर्ने
२ भोकमरीको अन्त्य गर्ने
३ स्वास्थ्य जीवन सुनिश्चित गर्ने र सबैको कल्याण प्रवर्द्धन गर्ने
४ सबैका लागि समावेशी तथा गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने
५ लैङ्गिक समानता हासिल गर्ने र किशोरीहरूको सशक्तिकरण गर्ने
६ सबैका लागि खानेपानी तथा सरसफाइको उपलब्धता गर्ने
७ सबैका लागि ऊर्जामा दिगो पहुँच सुनिश्चित गर्ने
८ सबैकालागि उत्पादनमुलक रोजगारी र मर्यादित कामको प्रवर्द्धन गर्ने
९ बलियो पूर्वाधार निर्माण गर्ने र दिगो औद्योगिकीकरणको प्रवर्द्धन गर्ने
१० देशभित्रै र देशहरूमाझ रहेको असमानतालाई न्यून गर्ने
११ नगरहरू र मानवबस्तीहरूलाई समावेशी, सुरक्षित, र दिगो बनाउने
१२ दिगो उपभोग र उत्पादनको ढाँचा सुनिश्चित गर्ने
१३ जलवायु परिवर्तन तथा यसका प्रभावहरू विरुद्ध लड्ने
१४ माहासागर, समुन्द्र र सामुन्द्रिक स्रोतको दिगो प्रयोग गर्ने
१५ दिगो पर्यावरणीय प्रणाली र वनको दिगो व्यवस्थापन गर्ने
१६ समाबेशी समाजको प्रवर्धन गर्ने र सबैलाई न्यायमा पहुँच प्रदान गर्ने
१७ कार्यान्वयन प्रकृया मजबुत बनाउने र साझेदारीलाई पुनरर्जीवन दिन

झ) बालबालिका सम्बन्धी १० बर्षीय राष्ट्रिय कार्ययोजना, (२०६१/६२-२०७१/७२)

Comment [DL2]: Can be deleted or replaced by new plan if it exists

बालबालिका सम्बन्धी १० बर्षीय राष्ट्रिय कार्ययोजना, (२०६१/६२-२०७१/७२) ले बालबालिकाले आफू सुहाउँदो समुदायमा आफ्ना अधिकारहरु भरपुर उपयोग गर्नेछन् र तिनीहरुको पूर्ण सामर्थ्यको उपयोग र महसुस गर्नेछन् भनी दीर्घकालीन सोच (Vision) निर्धारण गरिएको थियो । यस्तै बालमैत्री वातावरणको प्रवर्द्धन गर्दै बालबालिकाविरुद्ध हुने सबै प्रकारका शोषणको अन्त्य गरी बालबालिकाको जीवनस्तर उच्च पार्न प्रत्येक बालबालिकाको अधिकार सुनिश्चित गरिने लक्ष्य तोकि शिक्षा, बालविकास,

स्वास्थ्य, पोषण र अन्य सम्बन्धित क्षेत्रमा केन्द्रित भई बालमैत्री वातावरणको प्रवर्द्धन गर्ने उद्देश्य लिएको थियो ।

२.२ बाल अधिकार सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा भएका अन्य प्रयासहरु

बाल अधिकारका क्षेत्रमा राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रियस्तरमा लामो समयदेखि विविध प्रयासहरु हुँदै आएका छन् । त्यस मध्ये नेपालले अवलम्बन गरेका केही प्रमुख प्रयासहरु देहायबमोजिम रहेका छन् :

(१) महिलाविरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि (CEDAW), १९७९ लाई नेपालले अनुमोदन गरेको ।

(२) सशस्त्र द्वन्दमा बालबालिकाको प्रयोग, बालबालिकाको बेचबिखन, बाल वेश्यावृत्ति र अश्लील चित्रण विरुद्ध बाल अधिकार सम्बन्धी महासन्धिको इच्छाधीन आलेख २००० मा नेपालको सहमति रहेको ।

(३) दक्षिण एशियामा बाल कल्याण प्रवर्द्धनको लागि क्षेत्रीय व्यवस्था सम्बन्धी सार्क महासन्धि २००२ मा नेपाल पक्ष बनेको ।

(४) वेश्यावृत्तिको लागि महिला तथा बालबालिकाको जीउ मास्ने बेच्ने काम रोकथाम गर्ने र सो विरुद्ध संघर्ष गर्ने सम्बन्धमा व्यवस्था भएको सार्क महासन्धि २००२, नेपालले अनुमोदन गरेको ।

(५) बाल न्याय (कार्यविधि) नियमावली, २०६३ तर्जुमा गरिएको ।

(६) अन्तरदेशीय धर्मपुत्र धर्मपुत्री सम्बन्धी हेग महासन्धिमा हस्ताक्षर गरेको ।

(७) शिक्षा, स्वास्थ्य, श्रम तथा यातायात, महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय जस्ता विषयगत मन्त्रालयले बालबालिकाका सबालहरुलाई क्षेत्रगत योजना र कार्यक्रममा समावेश गर्दै आएको ।

(८) केन्द्रीय बाल कल्याण समिति, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था र दातृ निकायसंगको समन्वयमा साविकका केहि स्थानीय निकायमा बालमैत्री स्थानीय शासन र बालमैत्री गाँउ विकास समिति कार्यक्रम नमुनाको रुपमा संचालन गदै आएको ।

उपर्युक्त बमोजिम अन्तर्राष्ट्रिय प्रतिवद्धता व्यक्त गरिएको तथा कानुनी एवं नीतिगत व्यवस्था गरिएको भए तापनि लक्षित वर्गमा वास्तविक सेवा प्रवाह अपेक्षाकृत कम हुन गएको छ । आ–आफ्नो तरीका र निकायमा छुट्टाछुट्टै तवरबाट छरिएर कार्यक्रमहरु संचालन हुदा कार्यक्रमको लक्ष प्राप्त प्राप्तिमा कठिनाई भएको वास्तविकतालाई मनन गर्दै स्थानीय तहहरुद्धारा एकीकृत र समन्वित रुपमा कार्यक्रम संचालन गरी सेवा प्रवाहमा प्रभावकारीता ल्याउनेतर्फ विशेष ध्यान दिन जरुरी भएको छ ।

खण्ड ३: बालमैत्री स्थानीय शासनको रणनीतिक व्यवस्था

३.१ बालमैत्री स्थानीय शासनको रणनीतिक सोच

मुलुकका सम्पूर्ण बालबालिकालाई बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागिताको अधिकार सुनिश्चित हुने गरी(**लैससस**) समावेशी र समतामूलक समाजको स्थापनामा स्थानीय शासन पद्धतिलाई सुदृढ, सक्षम र जवाफदेहीयुक्त तुल्याउनु नै बालमैत्री स्थानीय शासन व्यवस्थाको रणनीतिक सोच हुनेछ ।

३.२ बालमैत्री स्थानीय शासनको लक्ष्य

बालमैत्री स्थानीय शासनको प्रवर्द्धनबाट बाल अधिकार प्राप्त भै बालबालिकाको लागि आवश्यक सेवाको उपलब्धता र गुणस्तरमा उल्लेखनीय सुधार भै सेवाको सुनिश्चतता भएको हुनेछ ।

३.३ बालमैत्री स्थानीय शासनका उद्देश्यहरु

स्थानीयस्तरका सबै क्षेत्र र तहका निकायहरुको नीति, संरचना, प्रणाली र कार्य प्रक्रियामा बालबालिकाको अर्थपूर्ण सहभागिताको माध्यमबाट उनीहरुका अधिकार सम्बन्धी सबालहरुलाई मूलप्रवाहीकरण गरी बालमैत्री शासन प्रणालीको प्रवर्द्धन गर्दै देहायका नतिजाहरु प्राप्त गर्न सहयोग पुऱ्याउनु यसको उद्देश्य हुनेछ ।

(१) बालबालिकाहरु सुरक्षित भई बाँच्न पाउने हकको प्रवर्द्धन ।

(२) बालबालिकाहरुको संरक्षण सम्बन्धी हकको प्रवर्द्धन ।

(३) बालबालिकाहरुको विकास सम्बन्धी हकको प्रवर्द्धन ।

(४) बालबालिकाको लागि आधारभूत सेवा प्रवाह र योजना तर्जुमा सम्बन्धी निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता तथा उनीहरुको आवाजको सुनुवाई ।

३.४ बालमैत्री स्थानीय शासनका निर्देशक सिद्धान्त

बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि देहायका निर्देशक सिद्धान्तहरु अवलम्बन गरिनेछ :

३.४.१ विनाभेदभाव (गैरविभेदीकरण)

प्रत्येक बालबालिकालाई धर्म, वर्ण, जात, जाति, लिङ्ग, उमेर-समुह, उत्पत्ति, भाषा, सामर्थ्य, शारीरिक वा मानसिक अवस्था, पारिवारिक हैसियत, स्वास्थ्य स्थिति, आर्थिक वा सामाजिक स्थिति, भौगोलिक क्षेत्र वा यी मध्ये कुनै कुराको आधारमा कुनै प्रकारको भेदभाव गरिने छैन ।

३.४.२ बालबालिकाको सर्वोत्तम हित

शासन संचालनका हरेक प्रक्रियामा बालबालिकाको सर्वोत्तम हितलाई ध्यानमा राखिनेछ । सार्वजनिक तथा निजी सेवा प्रवाह, विकास गतिविधि, समाज तथा घरपरिवारमा समेत बालबालिकाको अधिकार सुनिश्चित गर्न अभिप्रेरित गरिनेछ ।

३.४.३ बालबालिकाको सर्वाङ्गीण विकास

बाल वचाउ र विकासको सन्दर्भमा जिउने(वाँच्न पाँउने अधिकार) र उनीहरुको सर्वाङ्गीण विकासको उच्चतम् अधिकार रहने कुराको सुनिश्चितता गर्न कुनैपनि बालबालिका जन्मेपछि निजको नाम(नामाकरण) र जन्म दर्ताको अधिकार, अभिव्यक्तिको स्वतन्त्रता, राष्ट्रियताको अधिकार, बालश्रम विरुद्धको अधिकार, हेरचाह र पालनपोषणको अधिकार, स्वास्थ्यको अधिकार, आराम गर्न पाउने अधिकार, खेलकुद, मनोरञ्जन एवं सांस्कृतिक अधिकार तथा शिक्षा र संरक्षकत्वको अधिकार सुनिश्चित गर्न अभिप्रेरित गरिनेछ ।

३.४.४ बालबालिकाको विचारको सम्मान र सहभागिता

बालबालिकासँग सम्बन्धित सबालहरुमा स्थानीय तहको योजना चक्रका हरेक चरणमा बालबालिकालाई परिपक्वता र क्षमताका आधारमा संलग्न हुन पाउने अधिकारको साथै बालबालिकाले अभिव्यक्त गरेको विचारलाई सम्मान गर्ने प्रणालीको विकास गरिनेछ ।

३.४.५ सन्निकटताको सिद्धान्त

बालबालिकाको हितको लागि प्रवाह हुने वस्तु तथा सेवामा स्थानीय तह, स्थानीयस्तरका विषयगत कार्यालय तथा गैरसरकारी संघ–संस्थाहरु, नागरिक समाज, सामुदायिक संस्था जस्ता बालबालिकाको नजिकमा रहेर सन्निकटताको सिद्धान्तमा आधारित भई सेवा प्रवाह गर्ने व्यवस्था मिलाइनेछ ।

३.४.६ समावेशीकरणको सिद्धान्त

समावेशीकरणको सिद्धान्त अनुसार प्रत्येक तह, लिङ्ग, वर्ग, क्षेत्र र क्षमताका बालबालिकाहरुलाई बाल सरोकार सम्बन्धी स्थानीय शासन प्रणालीका हरेक पक्षहरुमा समान रुपमा समावेश हुन पाउने अधिकार सुनिश्चित हुनेछ । स्थानीय शासन र विकाससम्बन्धी गतिविधिका हरेक पक्षमा समावेशीकरणको अवधारणालाई अंगीकार गरिनेछ ।

३.४.७ समुदायमा आधारित विकासको सिद्धान्त

यो रणनीतिको कार्यान्वयन समुदायमा आधारित विकासको सिद्धान्त अनुसार हुनेछ । समुदाय र स्थानीय तहको सक्रिय सहभागितामा यसको संचालन हुने र यस रणनीतिमा आधारित भई स्थानीयस्तरमा आवश्यक कार्यविधि तथा कार्यान्वयन व्यवस्था स्थानीय तहले आफै मिलाउन सक्नेछन ।

३.५ बालमैत्री स्थानीय शासनका रणनीतिहरु

बालमैत्री स्थानीय शासनको उद्देश्य प्राप्तिका लागि देहाय बमोजिमका रणनीतिहरु अवलम्बन गरिनेछ : यस सम्बन्धी विस्तृत व्याख्या अनुसूची १ मा दिइएको छ ।

३.५.१ मूलप्रवाहीकरण

(१) बाल अधिकारको बिषयलाई स्थानीय तहको नीति, योजना, कार्यक्रम र कार्यपद्धतिमा समाहित गर्ने ।

(२) बालमैत्री तरिकाले योजना तथा कार्यक्रम संचालन भए नभएको, अपेक्षित उपलब्धि हासिल भए नभएको सम्बन्धमा परीक्षणको विधि अवलम्बन गर्ने ।

३.५.२ नीतिगत वकालत पैरबी र सचेतना

(१) नेपाल सरकार, प्रदेश सरकार एवं स्थानीय तहका नीति निर्माण एवं विकास प्रयासमा बालबालिकाको हकहितलाई स्थापित गराउन नीतिगत वकालत गर्ने ।

(२) बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम संचालन गर्न स्थानीय तहले आवश्यक पर्ने नियम, कार्यविधि र निर्देशिका तर्जुमा गरी कार्यान्वयन एवं अनुगमन मूल्याङ्कन गर्ने गराउने ।

(३) विद्यमान कानुनलाई बालमैत्री अनुकूल हुनेगरी संशोधन गर्न सघाउ पुऱ्याउने ।

(४) बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम संचालनको लागि केन्द्रीय, प्रान्तिय तथा स्थानीयस्तरबाट लगानीको वातावरण तयार गर्ने ।

(५) स्थानीय, प्रान्तिय, राष्ट्रिय एवं अन्तर्राष्ट्रिय विकास मंचहरुमा बालमैत्री शासनको अवधारणालाई रुपान्तरण गर्न पहल गर्ने ।

(६) यस सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा भएका सन्धि, सम्झौता, कानुन एवं नीतिगत प्रावधानहरुको सम्प्रेषण गर्ने ।

३.५.३ संस्थागत विकास

(१) बालमैत्री स्थानीय शासन पद्धतिको विकासका सन्दर्भमा गाउँपालिका र नगरपालिकाहरुलाई प्रमुख रुपमा उत्तरदायी संस्थाको रुपमा विकास गर्ने र जिल्ला समन्वय समितिले नीतिगत र संस्थागत समन्वयकारी भूमिका निर्वाह गर्ने प्रणालीको विकास गर्ने ।

(२) स्थानीय तह र समुदायस्तरमा बालमैत्री शासनको लागि आवश्यक संस्थागत संयन्त्रको विकास गर्ने । वडा बाल संरक्षण समिति, गाउँ/नगर बाल संरक्षण समिति र बालमैत्री

स्थानीय शासन (**वडा तथा**) नगरपालिका/गाउँपालिकाको संस्थागत क्षमता विकास गर्ने ।

(३) बालमैत्री स्थानीय शासनको प्रवर्द्धनका लागि विभिन्न तह र क्षेत्रका शासकीय इकाइहरुमा सांगठनिक (**संरचनाको**) व्यवस्था मिलाउने ।

(४) बालबालिकाका संस्थाहरु (**समुह लेख्ले कि** सूचीकृत गर्ने, संजाल निर्माण गर्ने र साथै उनीहरुको क्षमता विकासमा प्रोत्साहन गर्दै स्थानीय तहमा अनौपचारिक संयन्त्र निर्माण गरी बालबालिका सम्बन्धी सवालहरुलाई प्रकाशमा ल्याउने ।

(५) स्थानीयस्तरमा खडा भएका स्वास्थ्य संस्था व्यवस्थापन समिति, विद्यालय व्यवस्थापन समिति, स्थानीय बाल संजाल, खानेपानी, सामुदायिक बन, सामुदायिक संस्था जस्ता समूहहरु, गैरसरकारी संस्था जिल्ला संजाल जस्ता तहहरुका बीचमा सामन्जस्य कायम गरी यस रणनीतिमा उल्लेख भएका सूचकहरु प्राप्तिका लागि संस्थागत र प्रणालीगत विकास गर्ने ।

(६) समुदायमा आधारित बाल संरक्षण प्रणाली एंव संस्थाहरुलाई यस प्रक्रियामा आबद्ध गर्ने ।

(७) बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने संरचनाहरुमा बाल प्रतिनिधित्वको संस्थागत व्यवस्था मिलाउने ।

३.५.४ क्षमता विकास

बालमैत्री स्थानीय शासन प्रवर्द्धनको लागि :

(१) विभिन्न तहका साझेदार र सहयोगीहरुबीच कार्यगत संजाल निर्माण गर्ने ।

(२) बालमैत्री कार्यक्रम संचालन गर्न आवश्यक पर्ने आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउने ।

(३) नमूनाको रुपमा बालबालिकाका लागि मात्र कार्यक्रम (Child Only Programme) संचालन गर्ने ।

(४) अध्ययन, अनुसन्धान, तालिम, गोष्ठी तथा सेमिनारहरु संचालन गर्ने र तालिम, अवलोकन र अनुभव आदान प्रदानका माध्यमबाट मानवीय क्षमताको विकास गर्ने ।

(५) संचार रणनीति तयार गरी अवधारणा, नीति तथा कार्यक्रमहरुको सम्प्रेषणका लागि रेडियो, एफएम्, टिभि, पत्रपत्रिकाजस्ता संचार माध्यमहरुको उपयोग गर्ने ।

(६) राष्ट्रियस्तरमा स्रोत व्यक्ति एवं प्रशिक्षकहरुको सूची (Roster) तयार गरी आवश्यकता अनुसार परिचालन गर्ने र प्रशिक्षण सामाग्री तयार गरी जिल्लास्तरमा समेत प्रशिक्षक तयार गर्ने ।

(७) स्थानीय तहको संघीय सर्म्पक मन्त्रालय र प्रादेशिक सर्म्पक मन्त्रालय, गाँउपालिका, र नगरपालिकामा बालमैत्री स्थानीय शासन स्रोत केन्द्र स्थापना गर्ने र वेब साइटहरुमा बालमैत्री उपयोगी सामाग्री राखी व्यापक प्रचार प्रसार गराउने ।

(८) स्थानीय तहस्तर तथा जिल्लास्तरमा सूचना तथा अभिलेख केन्द्र स्थापना र यस्ता केन्द्रको मानव संसाधन विकास गरी क्षमता बढाउने ।

३.५.५ सहकार्य र साझेदारी प्रवर्द्धन

(१) बाल अधिकारको संरक्षण सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन र मूल्याङ्कनमा स्थानीय विकासका साझेदार तथा अर्न्तराष्ट्रिय विकास समुदायसंगको सहकार्य र साझेदारीलाई व्यापक तुल्याउने ।

(२) विभिन्न साझेदारको सक्षमता र सफल कार्यपद्धतिको अनुसरण गर्ने ।

३.५.६ सामुदायिक परिचालन

(१) स्थानीयस्तरमा बालअधिकारको संरक्षण कार्यलाई प्रभावकारी तुल्याउन समूह र संस्था निर्माण गर्ने ।

(२) बाल अधिकारको संरक्षण र बाल विकासका क्षेत्रमा अभियानमूलक कार्यक्रम संचालनका लागि समुदायस्तरका समूह तथा संगठनलाई परिचालन गर्ने ।

(३) समुदायस्तरका संस्थाको क्षमता विकासका लागि विशेष कार्यक्रम संचालन गर्ने ।

३.५.७ सामाजिक जवाफदेही र पारदर्शिता

(१) बाल अधिकार तथा बाल विकासका क्षेत्रमा स्थानीय तह तथा संघसंस्थाबाट संचालित कार्यक्रम तथा तत्सम्बन्धी स्रोत साधन परिचालनका बारेमा यथार्थ सूचना तथा जानकारी सार्वजनिक गर्ने ।

(२) बालमैत्री स्थानीय शासनको प्रभावकारिताका सम्बन्धमा सार्वजनिक सुनुवाइ गर्ने ।

३.५.८ सामाजिक समावेशीकरण

(१) स्थानीय सीमान्तीकृत समुदाय, गरीब, पिछडिएका वर्गका बालबालिकाका र विशेष गरी बालिकाहरुको लागि विशेष कार्यक्रम संचालन गर्ने ।

(२) स्थानीय तहका वार्षिक तथा आवधिक योजनामा अनिवार्य रुपले बालबालिका सम्बन्धी योजना तथा नीतिलाई समावेश गर्ने ।

३.५.९ सूचना, शिक्षा र संचारको माध्यमबाट व्यवहार परिवर्तन

(१) बालबालिकाप्रतिको धारणामा परिवर्तन गर्न र उनीहरुको अधिकार र हितप्रतिको संवेदनशीलता बढाउन प्रचार प्रसार गर्ने ।

(२) स्थानीयस्तरका शिक्षण संस्थाको पाठ्यक्रममा बालअधिकारको विषय समावेश गराउने ।

३.५.१० अनुगमन तथा मूल्याङ्कन तथा सार्वजनिक जवाहदेहिता

(१) बालमैत्री स्थानीय शासन सम्बन्धी न्यूनतम् सूचकका बारेमा सरोकारवालाहरुलाई जानकारी गराउने र संचालित कार्यक्रमहरुको प्रभावकारिता र नतिजा अनुगमन गर्ने ।

(२) स्थानीय तहहरुबाट बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रमहरु संचालन गर्न स्वंम जिम्मेवार हुने सयन्त्रको विकास गरी सहभागितामूलक अनुगमन गर्ने ।

(३) बालबालिकाको लागि स्थानीय विकास योजना बनाई संचालन गर्न अभिप्रेरित गर्ने ।

(४) बालबालिका सम्बन्धी योजनामा आवश्यक बजेट विनियोजन गरे नगरेको लेखाजोखा गर्ने संयन्त्र निमाण गर्ने ।

(५) बालबालिकाको अवस्था सम्बन्धी वार्षिक प्रतिवेदन तयार गर्ने ।

(६) बालमैत्री स्थानीय शासन कार्यक्रम(**पद्धति**) संचालन सम्बन्धमा आवश्यक नीति, नियम, निर्देशिका, कार्यविधि तथा आचारसंहिता बनाई कार्यान्वयन गरी सार्वजनिक जवाहदेहिता पुरा गर्ने ।

(७) संघ तथा प्रदेशवाट स्थानीय तहको हुने कुनैपनि मूल्याङ्गनमा बालमैत्री स्थानीय शासन सम्बन्धी सूचकहरु समावेश गरी बालमैत्रीत्ताको मूल्याङ्गन गर्ने ।

(८) अनुगमन सूचक निर्धारण गरी उत्कृष्ट काम गर्ने बालसमूह, सामुदायिक संस्था, गाउँपालिका, नगरपालिका, विकास साझेदार र अन्य सहयोगी निकाय र व्यक्ति विशेषलाई पुरस्कृत गर्ने ।

(९) बालबालिका र बालबालिकाका लागि सेवा प्रवाह गर्ने संस्थाहरुको सहभागितामा सहभागितामुलक लेखाजोखा तथा विश्लेषण विधि अवलम्बन गरी यसलाई स्थानीय योजनासंग आवद्ध गर्न स्थानीय तहलाई अभिप्रेरित गर्ने ।

३.६ बालमैत्री स्थानीय शासनको संस्थागत संरचना सम्बन्धी व्यवस्था

स्थानीय तहबीच समन्वय गरी स्थानीय विकास प्रक्रियामा सहजीकरणको कार्य स्थानीय तहको सर्म्पक संघीय मन्त्रालयले बालमैत्री स्थानीय शासन प्रवर्द्धनको लागि नेतृत्वदायी भूमिका निर्वाह गर्नेछ । संघीय स्तरवाट बालमैत्री स्थानीय शासनको लागि नीतिगत वकालत गर्ने, बाल अधिकारको संस्थागत विकासको लागि अन्य निकायहरुलाई मूल प्रवाहीकरण गर्ने, केन्द्रिय आवधिक र दीर्घकालीन योजना बनाउने, बालमैत्री सम्बन्धी नमुना सूचकहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याउने अभिप्रेरित गर्ने, बाल विकास र संरक्षणको लागि शसर्त अनुदान उपलव्ध गराउने, संघीय विषयगत मन्त्रालयहरुलाई बालमैत्री नीति तथा रणनीति तर्जुमा गर्न समन्वय र सहकार्य गर्नेजस्ता कार्य गर्न संघीय सर्म्पक मन्त्रालयले संस्थागत व्यवस्था मिलाउनेछ ।

राष्ट्रिय योजना आयोग, शिक्षा, स्वास्थ्य, श्रम, गृह, अर्थ, पूर्वाधार विकास लगायतका संघीय मन्त्रालय र मातहतका निकायहरु, केन्द्रीय बाल कल्याण समिति र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, विकास साझेदार र निजी क्षेत्रले बालमैत्री शासन प्रवर्द्धन गर्न आवश्यक कार्यक्रमहरु संचालन गर्नेछन् ।

प्रदेश भित्रका स्थानीय तहबीच समन्वय गरी वालमैत्री स्थानीय विकास प्रक्रियामा सहजीकरणको गरि रहेको स्थानीय तहको प्रदेश सर्म्पक मन्त्रालयले बालमैत्री स्थानीय शासन प्रवर्द्धनको लागि नेतृत्वदायी तथा समन्वकारी भूमिका निर्वाह गर्नेछ । प्रदेशस्तरवाट बालमैत्री स्थानीय शासनको लागि नीतिगत

वकालत गर्ने, बाल अधिकारको संस्थागत विकासको लागि अन्य निकायहरुलाई मूल प्रवाहीकरण गर्ने, प्रादेशिक आवधिक र दीर्घकालीन योजना बनाउने, बालमैत्री सम्बन्धी नमुना सूचकहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याउन अभिप्रेरित गर्ने, बाल विकास र संरक्षणको लागि शसर्त अनुदान उपलव्ध गराउने, प्रादेशिक विषयगत मन्त्रालयहरुलाई बालमैत्री नीति तथा रणनीति तर्जुमा गर्न समन्वय र सहकार्य गर्ने जस्ता कार्य गर्न प्रादेशिक सर्म्पक मन्त्रालयले संस्थागत व्यवस्था मिलाउनेछ ।

बालमैत्री स्थानीय शासन कार्यक्रमलाई संस्थागत रुपमा व्यवस्थित गरी समन्वयात्मक ढंगबाट कार्यान्वयन गर्न केन्द्रस्तरमा "बालमैत्री स्थानीय शासन राष्ट्रिय समिति" प्रदेशस्तरमा "बालमैत्री स्थानीय शासन प्रादेशिक समिति" तथा नगर र गाउँस्तरमा "बालमैत्री स्थानीय शासन नगर/गाउँ समिति" एंव "बालमैत्री स्थानीय शासन वडा समिति" गठन गरिनेछ । साथै समुदायस्तरमा बालमैत्री स्थानीय शासन प्रवर्द्धन गर्न समुदायस्तरीय समिति गठन र संचालन गर्नका लागि प्रोत्साहन गरिनेछ ।

३.७ बालमैत्री स्थानीय शासनका तहगत खुड्किलाहरु

बालमैत्री स्थानीय शासनका तहगत खुड्किलाहरु देहायबमोजिम हुनेछन्[1]:

(१) बालमैत्री स्थानीय शासनको अवधारणाको अभिमुखीकरण, विकास तथा विस्तार ।
(२) बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि नगर/गाउँ एंव समितिको गठन ।
(३) बालमैत्री नीति, रणनीति तयारीको लागि कार्ययोजना तर्जुमा ।
(४) गाउँ/नगरपालिकामा बालमैत्री स्थानीय शासन सम्पर्क इकाई वा शाखाको संस्थागत प्रवन्ध ।
(५) निश्चित सूचक/मापदण्डका आधारमा गाँउ/नगरपालिकाको वडा छनौट ।
(६) बालबालिकाको वस्तुगत विवरण तयारी ।
(७) बालकोष (Child Fund) को स्थापना ।
(८) बाल क्लब तथा सामुदायिक संस्थाहरुको गठन, विकास र परिचालन ।(**को जिम्मेवारी**)
(९) सरोकारवालाहरुको पहिचान, समन्वय र संजाल निर्माण ।
(१०) सरोकारबालाहरुबाट बालमैत्री स्थानीय शासन संचालनको प्रतिबद्धता घोषणा ।
(११) आवधिक र वार्षिक योजना तर्जुमा, लगानीको सुनिश्चितता र योजना कार्यान्वयन ।
(१२) बालबालिकाको स्थितिपत्र (Status Paper) तर्जुमा र सार्वजनिकीकरण ।
(१३) अनुगमन, समीक्षा र मूल्याङ्कन ।
(१४) स्थानीय तहको सभाबाट आफ्नो पूंजीगत बजेटवाट आवधिक र वार्षिक योजनाले परिलक्षित नतिजा प्राप्त गर्ने गरी निश्चित प्रतिशत रकम बालबालिकाको क्षेत्रमा खर्च(**लगानी**) गर्ने प्रतिवद्धता सहितको सभाको निर्णय ।
(१५) बालमैत्री स्थानीय शासनको न्यूनतम **सेवा** सूचकको निर्धारण ।
(१६) बालमैत्री वडा, गाउँ र नगर र जिल्लाको घोषणा र यसको निरन्तरता ।

[1] स्थानीय तहले आवश्यकता अनुसार कार्यदल समेत गठन गरी उक्त तहगत खुड्किलाहरुको कार्यान्वयन व्यवस्था मिलाउन सक्नेछन् ।

खण्ड ४: बालमैत्री स्थानीय शासनको विस्तार र स्रोत व्यवस्था

४.१ बालमैत्री स्थानीय शासन पद्धति विस्तार

बालमैत्री स्थानीय शासनको प्रवर्द्धनबाट बाल अधिकार प्राप्त भै बालबालिकाको लागि आवश्यक सेवाको उपलब्धता र गुणस्तरमा उल्लेखनीय सुधार गर्ने लक्ष्यका साथ तर्जुमा गरिएको यस रणनीतिमा समावेश गरिएका न्यूनतम सूचकहरु प्राप्तिमा यस पद्धति विस्तारको महत्वपूर्ण भूमिका रहन सक्दछ । यसैले यस पद्धतिको विकास र विस्तार गर्ने कार्यलाई प्राथमिकतामा राखिएको छ ।

बालमैत्री स्थानीय शासन संचालनमा हालसम्म भई आएका प्रयासहरु, स्थानीय तह तथा सम्बन्धित साझेदार निकायहरुको चासो र सहयोगी भूमिकालाई आधार मानी देहायको तालिकामा उल्लेख भए बमोजिमको स्थानीय तहहरुमा यस पद्धतिको विस्तार गर्ने नीति अवलम्बन गरिनेछ । यस कार्यमा केन्द्र, प्रदेश, नगर र गाउँस्तरसम्मका सबै साझेदार तहहरुको उल्लेखनीय भूमिका रहनेछ । गाँउ/नगरपालिकाको छनौट बालमैत्री स्थानीय शासन प्रादेशिक समितिले निर्धारण गरे बमोजिम र वडा छनौट अनुसूची २ मा दिईएको सूचकका आधारमा सम्वन्धित जिल्ला समन्वय समितिले निर्णय गरे बमोजिम हुनेछ ।

स्थानीय तह/वर्ष	२०१७	२०२०	२०२२	२०२४	२०२६	२०२८	२०३०
नगरपालिका/वडा	२/४०	४३/५४४	४४/५४२	४४/५४२	४४/५४२	४४/५३२	४४/५३२
गाँउपालिका/वडा	१०/७५	८०/५७०	८०/५७०	८०/५७०	८०/५७०	८०/५७०	७१/४८६

४.२ वित्तीय स्रोत व्यवस्था

बालमैत्री स्थानीय शासन पद्धतिको प्रवर्द्धनको लागि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार, गैर सरकारी संस्था र अन्य सहयोगी संस्थाहरुको उल्लेख्य भूमिका रहनेछ । नेपाल सरकारले स्थानीय तहमा जाने लक्षित कार्यक्रम मार्फत थप अनुदान उपलव्ध गराउने रकमबाट यस क्षेत्रमा खर्च जुटाउन सहयोग पुग्नेछ । प्रदेश सरकारले स्थानीय तहलाई लक्षित कार्यक्रम सञ्चालन गर्न अनुदान उपलव्ध गराउने छ । विकास साझेदारहरुले यस रणनीतिको कार्यान्वयनको लागि सामुहिक वा छुट्टा छुट्टै रुपमा कार्यक्रम सहयोग वा बजेटगत सहयोग वा अन्य सहयोगको रुपमा समझदारी पत्रमा उल्लेख भए बमोजिम थप वित्तीय सहयोग उपलव्ध गराउने छन् । नेपाल राष्ट्रिय कार्यक्रम कार्ययोजनामा उल्लेख भए बमोजिम सन् २०२२ सम्म र त्यसपछि पनि निर्धारित कार्यक्रमलाई सघाउ पुग्ने गरी युनिसेफ लगायतका विकास साझेदार संस्थाहरुबाट सहयोग प्राप्त गर्न ध्यान दिइनेछ । स्थानीय तहले आवधिक तथा वार्षिक बालमैत्री योजना तर्जुमा गर्ने र यसको कार्यान्वयनको लागि आफ्नो कुल पूर्जीगत बजेटको निश्चित प्रतिशत रकम विनियोजन गर्नेछन् । यस्तै, गैर सरकारी संस्था र अन्य सहयोगी संस्थाहरुले यो रणनीतिको कार्यान्वयनको लागि बनेको आवधिक तथा वार्षिक योजनासंग सह-सम्वन्ध कायम राखी बजेट सहयोग वा कार्यक्रम संचालनमा सहयोग उपलव्ध गराउनेछन् ।

यसका साथै सर्म्पक संघीय तथा प्रादेशिक मन्त्रालयले स्थानीय तहको अनुगमन मूल्याङ्कन लगायतका सूचकहरुमा बालमैत्री स्थानीय शासन सम्बन्धी सूचकहरु थप गर्नेछन र यस सम्बन्धी सूचकहरुको मूल्याङ्कनको आधारमा स्थानीय तहलाई वार्षिक एकमुष्ट थप आर्थिक अनुदान दिन र दातृ तहबाट थप स्रोत जुटाउन प्राथमिकता दिनेछन ।

खण्ड ५: बालमैत्री स्थानीय शासनका अपेक्षित प्रतिफल तथा सूचकहरु

५.१ बालमैत्री स्थानीय शासनका प्रतिफलहरु

यस रणनीति बमोजिम बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्दा देहाय बमोजिमको उपलब्धिहरु प्राप्त हुनेछन् । यस्ता उपलब्धिहरुको विस्तृत विवरण कार्यान्वयन कार्यविधिमा उल्लेख गरिनेछ ।

५.१.१ बालबालिकाको लागि स्थानीय विकास योजना

बालबालिकाको लागि स्थानीय विकास योजनामा स्थानीय तहहरुले बाल अधिकार र बालबालिकाको समग्र विकासको क्षेत्रमा देखिएका सबाल र आवश्यकतालाई सम्बोधन गर्ने गरी लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजनाहरु समावेश भएको विकास योजना दस्तावेज तयार गर्नेछन् । यस योजनाले निश्चित अवधिमा निश्चित उपलब्धि हासिल गर्न लगानीको आधार समेत तयार गर्नेछ । यस सम्बन्धी विस्तृत विवरण कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ । यस्तो योजनालाई स्थानीय तहको आवधिक एवं दीर्घकालीन योजनासँग आबद्ध गरिनेछ ।

५.१.२ बालबालिकाको लागि स्थानीय लगानी योजना

माथि उल्लिखित वस्तुस्थिति विवरण तथा विकास योजनाले लिएका निर्दिष्ट लक्ष्य हासिल गर्न स्थानीय तहले बालबालिकाको लागि लगानी योजना तर्जुमा गर्नेछन् । यस्तो लगानी योजनामा बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि अवलम्बन गरिने सबै क्रियाकलापलाई स्रोतगत रुपमा उल्लेख गरिनेछ । यसो गर्दा केन्द्रीय तथा प्रदेश सरकारबाट प्राप्त अनुदान, बाह्य सहयोग, आन्तरिक स्रोत तथा गैसस र स्थानीय विषयगत निकायबाट प्राप्त रकमलाई स्पष्ट र एकीकृत रुपमा विनियोजन गरिनेछ । यस सम्बन्धी विस्तृत विवरण बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ ।

५.१.३ बालमैत्री स्थानीय शासन सम्बन्धी नीतिहरु तर्जुमा एवं परिमार्जन

बालमैत्री स्थानीय शासन प्रवर्द्धन र बालबालिकाको समग्र विकासको लागि नीति नियम तर्जुमा र विद्यमान ऐन नियममा आवश्यकता अनुसार परिमार्जन गर्ने रणनीति लिइनेछ । यसका अतिरिक्त स्थानीय तहहरुले नेपालको संविधान र स्थानीय शासन ऐन, को परिधिभित्र रही आवश्यक नीति, नियम, निर्देशिका तथा कार्यविधिहरु तर्जुमा गर्न सक्नेछन् ।

५.१.४ बालबालिका सम्बन्धी स्थिति पत्र तयारी तथा प्रकाशन

बालबालिका सम्बन्धी स्थितिपत्रमा बालबालिकाको विकासका क्षेत्रमा स्थानीय तहहरुद्वारा विगतका वर्षहरुमा भए गरेका कार्यहरुको उपलब्धिको विवरण, बालबालिकाको वर्तमान अवस्थाको चित्रण, बाल अधिकारको कार्यान्वयनको अवस्था, बालबालिका सम्बन्धी नीति, कानुन, योजना र कार्यसम्बन्धी

कार्यक्रमहरुको कार्यान्वयनको चित्रण गरी प्रकाशन गरिनेछ । यस सम्बन्धी विस्तृत विवरण कार्यान्वयन कार्यविधिमा उल्लेख भएबमोजिम हुनेछ ।

५.२ उपलब्धि मापनका न्यूनतम् सूचकहरु

यस पद्धति अवलम्बन गर्ने स्थानीय तहहरुले यसै रणनीतिको अनुसूची ३ मा उल्लेखित न्यूनतम् सूचकहरुलाई आफ्नो कार्यक्रममा समावेश गरी संचालन गरेको हुनुपर्नेछ । यस रणनीतिको मूल मर्ममा असर नपर्ने गरी सम्बन्धित स्थानीय तहहरुले उपलब्ध अवसर र क्षमताको आधारमा यसमा उल्लेख गरिएका सूचकहरुमा अरु सूचकहरु थप गरी लागु गर्न सक्नेछन् । स्थानीय अवस्था अनुसार यस सम्बन्धी थप सूचकहरु निर्धारण गर्नु पर्दा स्थानीय तहको आवधिक योजना, राष्ट्रिय आवधिक योजना, प्रदेश आवधिक योजना र दिगो विकास लक्ष्यलाई समेत आधार मान्न सकिनेछ । यसमा उल्लिखित न्यूनतम् सूचक हासिल गर्ने जिम्मेवारी अनुसूची २ मा उल्लेख भए बमोजिमको निकायहरुको हुनेछ र यस सम्बन्धी कार्य र नतिजा प्राप्तिको समन्वय र अनुगमन गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ । स्थानीय तहले यस सम्बन्धी समीक्षालाई छुट्टै क्षेत्रको रुपमा लिई नियमित समीक्षामा समाहित गर्नु पर्नेछ ।

खण्ड ६: बालमैत्री स्थानीय शासन पद्धतिको छनौट, अवलम्बन र घोषणा

६.१ बालमैत्री स्थानीय शासन पद्धतिको छनौट

बालमैत्री स्थानीय शासन प्रवर्द्धनको लागि गाँउ/नगरपालिका आफैले जिल्ला समन्वय समिति तथा प्रदेश सरकारको सहजीकरण तथा समन्वयमा बालमैत्री कार्यक्रम संचालन गर्नेछन । समग्र समन्वयकारी भुमिका भने प्रदेश सरकार रहनेछ । तर कुनै प्रदेश सरकार यस कार्यलाई प्राथमिकतामा नराखेमा इच्छुक गाँउ/नगरपालिकाले सम्बन्धित प्रदेश सरकारलाई यस्तो कार्यको जानकारी दिई आफै कार्यक्रम संचालन गर्न बाधा परेको मानिने छैन ।

६.२ बालमैत्री स्थानीय शासन पद्धतिको अवलम्बन

यस पद्धतिको अवलम्बन गर्ने स्थानीय तहहरुले बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै देहाय बमोजिमका कार्यहरु गरेको हुनुपर्नेछ । यस्तो कार्य गर्ने स्थानीय तहलाई बालमैत्री स्थानीय शासन अवलम्बनकर्ता (CFLG Adopter) मानिनेछ ।

(१) साझेदार संस्थाहरुलाई अभिमुखीकरण गरी यस पद्धतिको अवलम्बन गर्ने सामूहिक प्रतिवद्धता व्यक्त ।
(२) बालमैत्री स्थानीय शासन प्रवर्द्धन कार्ययोजना तर्जुमा ।
(३) आफ्नो पूंजीगत बजेटवाट आवधिक र वार्षिक योजनाले परिलक्षित नतिजा प्राप्तीको सुनिश्चित गर्ने गरी निश्चित प्रतिशत रकम विनियोजन सहितको लगानी योजना ।
(४) बालमैत्री स्थानीय शासनका न्यूनतम् सेवा सूचकहरुको निर्धारण ।
(५) बालमैत्री स्थानीय शासन प्रवर्द्धनको संस्थागत व्यवस्था (इकाई/शाखा बनाउने वा सम्पर्क विन्दु तोक्ने) ।
(६) सम्बन्धित सभाबाट बालमैत्री स्थानीय शासन अवलम्बन गर्ने निर्णय ।

६.३ बालमैत्री स्थानीय तह घोषणा

बालमैत्री स्थानीय शासन अवलम्बन गरेको स्थानीय तहको सभाले आफ्नो क्षेत्र (नगर/गाउँ/वडा) लाई बालमैत्री स्थानीय तह/वडा भनी घोषणा (CFLG Declaration) गर्न सक्नेछन् । यस्तो घोषणा गर्नुपूर्व सम्बन्धित स्थानीय तहको सभाले यसै रणनीतिको अनुसूची २ मा आधारित भै निर्धारण गरेको सूचक मध्ये न्यूनतम् ८० प्रतिशत सूचक हासिल गरेको हुनुपर्नेछ । यस्तो सूचक निर्धारण गर्दा सम्बन्धित स्थानीय तहको आवधिक वा वार्षिक योजनामा स्थानीय अवस्था अनुसार बालश्रम, बाल हिंसा, बाल शोषण तथा एच् आई भि एड्स न्यूनीकरण सम्बन्धी कार्यक्रम समावेश गरेको हुनुपर्दछ । यसका अलावा स्थानीय अवस्थामा आधारित भै कमलरी, छाउपडी, झुमा तथा देउकी प्रथा जस्ता सामाजिक विकृतिहरुको अन्त्य गर्ने कार्यक्रम समेत समावेश गरिएको हुनु पर्दछ । निर्धारित सूचक प्राप्त भए नभएको सम्बन्धमा सर्म्पक संघीय मन्त्रालय, सर्म्पक प्रदेश मन्त्रालय र सम्बन्धित जिल्ला समन्वय समितिले अनुगमन गर्ने व्यवस्था मिलाउनेछन् । यसरी अनुगमन गर्दा निर्धारित सुचकहरु प्राप्त भएको प्रमाणित भएमा त्यस्ता स्थानीय तहलाई बालमैत्री स्थानीय तह घोषणा गर्न सकिने छ । यसरी बालमैत्री स्थानीय शासन घोषणा गर्ने स्थानीय तहलाई प्रदेश सरकारले पुरस्कृत गर्न सक्नेछ ।

खण्ड ७: विविध

७.१ पूर्वानुमान

यो रणनीति तर्जुमा गर्दा देहाय बमोजिमको पूर्वानुमान गरिएको छ :

(१) केन्द्रीय, प्रादेशिक तथा स्थानीय तहहरु बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि पर्याप्त साधन र स्रोत व्यवस्थापन गर्न सक्षम हुनेछन् ।
(२) विकास साझेदारहरुले यस क्षेत्रलाई उच्च प्राथमिकता दिनेछन् ।
(४) संघीय तथा प्रादेशिक विषयगत मन्त्रालय तथा मातहतका निकायको उच्चतम सहयोग र समन्वय रहनेछ ।
(५) देशको विद्धयमान संघीय स्वरुपमा स्थानीय तहहरु स्थानीय सरकारको रुपमा रुपान्तरित भई यो पद्धतिको अवलम्बन गरेका हुनेछन् ।

७.२ जोखिम पक्ष

बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीतिको सफल कार्यान्वयनको लागि देहाय बमोजिमको विषयलाई जोखिम पक्षको रुपमा लिईएको छ :

(१) स्थानीय तहको प्रतिवद्धता र दृढ निश्चितता ।
(२) अन्तर संस्थागत समन्वय र एकीकृत सहयोग ।
(३) स्थानीय राजनैतिक र प्रशासनिक प्रतिबद्धता, स्थायित्व र निरन्तरता ।

७.३ संसोधन गर्न सकिने

यस रणनीतिको कार्यान्वयनमा कुनै ब्यवधान आइ परेमा सर्म्पक संघीय मन्त्रालयले आवश्यकता अनुसार थपघट, हेरफेर वा संसोधन गर्न सक्नेछ । तर यस्तो संसोधनको जानकारी नेपाल सरकार, मन्त्रिपरिषद, प्रदेश र सम्बन्धित विषयगत निकायहरुलाई दिनु पर्नेछ ।

अनुसूचीहरु

अनुसूची १

बालमैत्री स्थानीय शासन रणनीतिक ढाँचा

(दफा ३.५ संग सम्बन्धित)

रणनीति	कार्यनीति	जिम्मेवारी
• मूलप्रवाहीकरण	• बाल अधिकारको बिषयलाई स्थानीय तहको नीति, योजना, कार्यक्रम र कार्यपद्धतिमा समाहित गर्ने । • बालमैत्री तरिकाले योजना तथा कार्यक्रम संचालन भए नभएको, अपेक्षित उपलब्धि हासिल भए नभएको सम्बन्धमा परीक्षण गर्ने ।	• स्थानीय तह र बलबालिकसँग सम्वन्धीत संघीय मन्त्रालय • स्थानीय तह र बालबालिकासँग सम्वन्धीत प्रार्देशिक मन्त्रालय • स्थानीय तह
• नीतिगत वकालत, पैरबी र सचेतना	• नेपाल सरकार, प्रदेश सरकार एवं स्थानीय तहका नीति निर्माण एवं विकास प्रयासमा बालबालिकाको हितलाई स्थापित गराउन नीतिगत वकालत गर्ने । • बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम संचालन गर्न आवश्यक पर्ने नियम, कार्यविधि र निर्देशिका तर्जुमा गरी कार्यान्वयन गर्ने गराउने । • विद्यमान कानुनलाई बालमैत्री अनुकूल हुनेगरी संशोधन गर्न सघाउ पुऱ्याउने । • बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम संचालनको लागि केन्द्रीय, प्रादेशिक तथा स्थानीयस्तरबाट लगानीको वातावरण तयार गर्ने । • क्षेत्रीय एवं राष्ट्रिय विकास मंचहरुमा बालमैत्री शासनको अवधारणालाई उठाउने । • यस सम्बन्धी राष्ट्रिय, अन्तर्राष्ट्रिय स्तरमा भएका सन्धि, सम्झौता एवं प्रादेशिक र स्थानीयस्तरमा भएका नीतिगत प्रावधानहरुको कार्यान्वयनमा जोड दिने ।	• स्थानीय तह र बलबालिकसँग सम्वन्धीत संघीय मन्त्रालय • स्वास्थ्य एंव अन्य संघीय विषयगत मन्त्रालय • स्थानीय तह र बालबालिकासँग सम्वन्धीत प्रार्देशिक मन्त्रालय तथा अन्य विषयगत मन्त्रालय • केन्द्रीय बाल कल्याण समिति • बालमैत्री स्थानीय शासन राष्ट्रिय/प्रादेशिक समिति • स्थानीय तह • युनिसेफ लगायतका विकास साझेदारहरु • बालवालिकाका क्षेत्रमा कार्यरत गैर सरकारी संस्था
• संस्थागत विकास	• बालमैत्री स्थानीय शासन पद्धतिको विकासमा गाउँपालिका र नगरपालिकाहरुलाई प्रमुख रुपमा उत्तरदायी संस्थाको रुपमा विकास गर्ने र जिल्ला समन्वय समितिले नीतिगत र संस्थागत समन्वयकारी र अनुगमनकर्ताको भूमिका निर्वाह गर्ने प्रणालीको	• राष्ट्रिय /प्रदेश योजना आयोग • स्थानीय तह र बलबालिकसँग सम्वन्धीत संघीय मन्त्रालय • स्वास्थ्य एंव अन्य संघीय

रणनीति	कार्यनीति	जिम्मेवारी
	विकास गर्ने । ● गाँउ/नगरपालिका, वडा र समुदायस्तरमा बालमैत्री स्थानीय शासनको लागि आवश्यक संस्थागत संयन्त्रको विकास गर्ने । गाउँ/नगर र वडा बाल संरक्षण समिति र बालमैत्री स्थानीय शासन गाँउ/नगरपालिका संस्थागत क्षमता विकास गर्ने । ● बालमैत्री स्थानीय शासनको प्रवर्द्धनका लागि विभिन्न तह र क्षेत्रका शासकीय इकाईहरुमा सांगठनिक व्यवस्था मिलाउने । ● बालबालिकाका संस्थाहरु सूचीकृत गर्ने, संजाल निर्माण गर्नका साथै उनीहरुको क्षमता विकासमा प्रोत्साहन गर्दै स्थानीय तहमा अनौपचारिक संयन्त्र निर्माण गरी बालबालिका सम्बन्धी मामला उजागर गर्ने । ● स्थानीयस्तरमा खडा भएका स्वास्थ्य संस्था व्यवस्थापन समिति, विद्यालय व्यवस्थापन समिति, स्थानीय बाल संजाल, खानेपानी, सामुदायिक बन, सामुदायिक संस्था जस्ता समूहहरु, गैरसरकारी संस्था जिल्ला संजाल जस्ता निकायहरुका बीचमा सामन्जस्यता कायम गरी यस रणनीतिमा उल्लेख भएका सूचकहरु प्राप्तिको लागि संस्थागत र प्रणालीगत विकास गर्ने । ● स्थानीय स्तरमा रहेका अधिकारमूखि, सामाजिक अभियानमूखि, सामुदायिक समिति, तथा यस्तै प्रकृतिका अन्य संस्थाहरुलाई यस प्रक्रियामा आवद्ध गर्ने । ● बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने संरचनाहरुमा बाल प्रतिनिधित्वको संस्थागत व्यवस्था मिलाउने ।	विषयगत मन्त्रालय ● स्थानीय तह र बालबालिकासँग सम्वन्धीत प्रार्देशिक मन्त्रालय तथा अन्य विषयगत मन्त्रालय ● स्थानीय तह ● केन्द्रीय बाल कल्याण समिति ● विकास साझेदारहरु ● युनिसेफ लगायत संयुक्त राष्ट्रसंघीय तहहरु ● बालवालिकाका क्षेत्रमा कार्यरत गैर सरकारी संस्था ● सामुदायिक संस्था
● क्षमता विकास	● विभिन्न तहका साझेदार र सहयोगीहरुबीच कार्यगत संजाल निर्माण गर्ने र आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउने । ● अध्ययन, अनुसन्धान, तालिम, गोष्ठी तथा सेमिनारहरु संचालन गर्ने र नमूनाको रुपमा बालबालिकाका लागिमात्र कार्यक्रम संचालन गर्ने ● प्रचार प्रसारको रणनीति तयार गरी छापा तथा विद्युतिय संचार माध्यमद्वारा प्रचार प्रसार गर्ने र वेभ साईटमा उपयोगी सामाग्री राख्ने । ● स्रोत व्यक्ति एवं प्रशिक्षकहरुको सूची तयारी, परिचालन, सूचना र स्रोत केन्द्र स्थापना तथा सुदृढीकरण गर्ने ।	● राष्ट्रिय/प्रदेश योजना आयोग ● स्थानीय तह र बलबालिकसँग सम्वन्धीत संघीय मन्त्रालय ● स्वास्थ्य एंव अन्य संघीय विषयगत मन्त्रालय ● स्थानीय तह र बालबालिकासँग सम्वन्धीत प्रार्देशिक मन्त्रालय तथा अन्य विषयगत मन्त्रालय ● स्थानीय तह ● केन्द्रीय बाल कल्याण समिति ● विकास साझेदारहरु ● बालवालिकाका क्षेत्रमा कार्यरत

रणनीति	कार्यनीति	जिम्मेवारी
		गैर सरकारी संस्था • सामुदायिक संस्था • युनिसेफ लगायत विकास साझेदाहरु
• सहकार्य र साझेदारी प्रवर्द्धन	• बाल अधिकारको संरक्षण सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन र मूल्याङ्कनमा स्थानीय विकासका साझेदार तथा अर्न्तराष्ट्रिय विकास समुदायसंगको सहकार्य र साझेदारीलाई व्यापक तुल्याउने । • विभिन्न साझेदारको सक्षमता र सफल कार्यपद्धतिको अनुशरण गर्ने ।	• स्थानीय तहसँग सम्वन्धीत संघीय मन्त्रालय • स्थानीय तहसँग सम्वन्धीत प्रार्देशिक मन्त्रालय • स्थानीय तह • विकासका साझेदार
• सामुदायिक परिचालन	• स्थानीयस्तरमा बाल अधिकारको संरक्षण कार्यलाई प्रभावकारी तुल्याउन समूह र संस्था निर्माण गर्ने । • बाल अधिकारको संरक्षण र बाल विकासका क्षेत्रमा अभियानमूलक कार्यक्रम संचालनका लागि समुदायस्तरका समूह तथा संगठनलाई परिचालन गर्ने । • समुदायस्तरका संस्थाको क्षमता विकासका लागि विशेष कार्यक्रम संचालन गर्ने ।	• स्थानीय तह र तिनका विषयगत शाखा • विकास साझेदार • बालक्लव • बालवालिकाको क्षेत्रमा कार्यरत गैर सरकारी संस्था • समुदायमा आधारित संघसंस्थाहरु
• सामाजिक जवाफदेहिता र पारदर्शिता	• बाल अधिकार तथा बाल विकासका क्षेत्रमा स्थानीय तह तथा संघसंस्थाबाट संचालित कार्यक्रम तथा तत्सम्बन्धी साधन स्रोत परिचालनका बारेमा यथार्थ सूचना तथा जानकारी सार्वजनिक गर्ने । • बालमैत्री स्थानीय शासनको प्रभावकारिताका सम्बन्धमा सार्वजनिक सुनुवाइ गर्ने ।	• स्थानीय तह • विकास साझेदार • बालवालिकाको क्षेत्रमा कार्यरत गैर सरकारी संस्था
• सामाजिक समावेशीकरण	• स्थानीय सीमान्तीकृत समुदाय, गरीब, पिछडिएका वर्गका बालबालिकाका लागि विशेष कार्यक्रम संचालन गर्ने ।	• स्थानीय तहको बलबालिकसँग सम्वन्धीत संघीय मन्त्रालय • स्थानीय तहको बालबालिकासँग सम्वन्धीत प्रार्देशिक मन्त्रालय • स्थानीय तह • विकास साझेदार
• सूचना, शिक्षा र संचारको माध्यमबाट व्यवहार परिवर्तन	• बालबालिकाप्रतिको धारणामा परिवर्तन गर्न र उनीहरुको अधिकार र हितप्रतिको संवेदनशीलता बढाउन प्रचार प्रसार गर्ने । • स्थानीयस्तरका शिक्षण संस्थाको पाठ्यक्रममा बाल अधिकारको विषय समावेश गराउने ।	• संघीय तथा प्रदेश शिक्षा मन्त्रालय • स्थानीय तह र विषगत शाखा(शिक्षा) • विकास साझेदार
• अनुगमन तथा	• बालमैत्री स्थानीय शासन सम्बन्धी न्यूनतम् सूचक	• राष्ट्रिय /प्रादेशिक योजना

रणनीति	कार्यनीति	जिम्मेवारी
मूल्याङ्कन	सरोकाबालाहरुलाई जानकारी गराउने र संचालित कार्यक्रमहरुको प्रभावकारिता र नतिजा अनुगमन गर्ने । ● विद्यमान केन्द्रिय तथा प्रादेशिक नीति तथा कानुनी व्यवस्था अनुरुप स्थानीय तहहरुबाट बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रमहरु संचालन भए नभएको अनुगमन गर्ने । ● बालबालिकाको लागि स्थानीय विकास योजना बनाई संचालन गरे नगरेको अनुगमन गर्ने । ● बालबालिका सम्बन्धी योजनामा आवश्यक बजेट विनियोजन गरे नगरेको अनुगमन गर्ने । ● बालबालिकाको अवस्था सम्बन्धी वार्षिक प्रतिवेदन तयार गरे नगरेको अनुगमन गर्ने । ● बालमैत्री स्थानीय शासन कार्यक्रम संचालन सम्बन्धमा आवश्यक नीति, नियम, निर्देशिका, कार्यविधि तथा आचारसंहिता बने नबनेको अनुगमन गर्ने । ● अनुगमन सूचक निर्धारण गरी उत्कृष्ट काम गर्ने बालसमूह, सामुदायिक संस्था, गाँउ/नगरको वडा, गाउँपालिका, नगरपालिका, विकास साझेदार र अन्य सहयोगी तह र व्यक्ति विशेषलाई समेत पुरस्कृत गर्ने ।	आयोग ● स्थानीय तह र बलबालिकसँग सम्वन्धीत संघीय मन्त्रालय ● स्थानीय तह र बालबालिकासँग सम्वन्धीत प्रार्देशिक मन्त्रालय ● स्थानीय तह ● विकास साझेदार ● बालवालिकाका क्षेत्रमा कार्यरत गैर सरकारी संस्था ● स्वतन्त्र पेशागत समूह ● बाल समूह संजाल

द्रष्टव्य: स्थानीय तहले स्थानीय तहको अवस्था र आवश्यकता अनुसार माथि उल्लिखित रणनीतिक ढाँचाको आधारमा आ-आफ्नो रणनीति तथा कार्यनीति तय गर्नेछन् ।

बालमैत्री कार्यक्रमका लागि गाउँ/नगरपालिकाका वडा छनौटका आधारहरु

(दफा ४.१ संग सम्बन्धित)

१) राजनैतिक इच्छा शक्ति र प्रतिवद्धता जनाएको ।

२) गाउँ/नगरपालिकाका र वडा, संघसस्था, नागरिक समाजको चाहना, प्रतिवद्धता साथै कार्यान्वयनमा सक्रिय सहभागिता ।

३) बाल अधिकारको संरक्षण र सम्वर्द्धनका लागि बालक्लव साथै तिनको सञ्जाल क्रियाशील भएको ।

४) बाल अधिकारको क्षेत्रमा आन्तरिक तथा अनुदान रकमबाट पूजींगत बजेटको निश्चित प्रतिशत रकम विनियोजन र प्रभावकारी कार्यान्वयन गर्ने दृढ प्रतिवद्धता जनाएको ।

५) गरिवी सुचकांङ्क र विपन्न नक्साङ्कनमा पछि परेको गाउँ/नगरपालिका र वडा तथा भौगौलिक रुपमा विकट भएको ।

६) दलित, आदिवासी जनजाति, मधेशी तथा विपन्न वर्गका जनताको बाहुल्यता भएको ।

७) बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति कार्यान्वयन गर्न आवश्यक मानवीय संशाधनको उपलब्धता ।

अनुसूची २

अनुसूची ३

बाल अधिकारमा आधारित बालमैत्री स्थानीय शासनसम्बन्धी न्यूनतम सूचकहरु
(दफा ५.२ संग सम्बन्धित)

२.१ सेवा प्रवाहसम्बन्धी सूचकहरु :

क) बाल बचाउ

१. ६ महिनासम्मको शिशुलाई आमाले अनिवार्यरुपमा पूर्ण स्तनपान (आमाको दूध मात्रै खुवाउने) गराएका हुनेछन् ।
२. एक वर्षभित्रका प्रत्येक बालबालिकाहरुले पूर्ण रुपमा खोप (डिपिटी, विसिजी, हेपटाइटिस बि, हिब ३, दादुराको मात्रा) पाएका हुनेछन् ।
३. ६ महिना देखि ५ वर्ष सम्मका बालबालिकाहरुले वर्षको २ पटक भिटामिन ए क्याप्सुल खाएका हुनेछन् ।
४. गर्भवती आमाले दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराएका हुनेछन् ।
५. गर्भवती महिलाहरुले कम्तिमा प्रसूति पूर्व चारपटक र प्रसूति पश्चात आमा र नवजात शिशुको कम्तिमा ३ पटक स्वास्थ्य जाँच गराएका हुनेछन् ।
६. गर्भवती महिलाले टिटानस विरुद्धको २ वटा खोप लगाएका हुनेछन् ।
७. गर्भवती तथा सुत्केरी आमाहरुले आईरन चक्की (जम्मा २२५ वटा) खाएका हुनेछन् ।
८. एच् आई भी संक्रमित आमाबाट जन्मिएका सबै बालबालिकाहरुले ARV Prophylaxis पाएका हुनेछन् ।
९. सबै घरधुरीमा पिउन योग्य खानेपानीको सुविधा उपलव्ध भएको हुनेछ ।
१०. साबुन पानीले हातधुने परिपाटीको विकास भएको हुनुपर्ने (चर्पी गएपछि, खानाखानु अगाडी, बालबालिकाहरुलाई खाना खुवाउनु अगाडी र बालबालिकाको दिसा धोए पछि) ।
११. बालबालिकामा हुने अति कडा कुपोषण (SAM) र मध्यम कुपोषण उल्लेख्य रुपमा कमि आएको (MAM)हुनेछ ।
१२. पाँच वर्ष मुनिका बालबालिकाहरूमा पुड्कोपन, कमतौल, ख्याउटेपन हुनेको प्रतिशतमा कमि आएको हुनेछ ।
१३. एउटा सन्तान र अर्को सन्तानको जन्मातर कम्तीमा ३ वर्ष/ सुनौलाहजार दिनको हुनेछ ।
१४. सबै घरमा आयोडिनयुक्त नुन प्रयोग गरेको हुनु पर्नेछ ।

ख) बाल संरक्षण

१५. ५ बर्ष मुनीका सबै बालबालिकाको जन्म दर्ता भएको हुनेछ ।
१६. सम्बन्धित स्थानीय तहमा बालविवाह उन्मुलन भएको हुनेछ, ।
१७. निकृष्ट प्रकारको बालश्रम पूर्णरुपमा अन्त्य र साविकका त्यस्ता बालबालिकाको पुर्नस्थापना भएको हुनेछ ।
१८. घरपरिवार, समुदाय, सार्वजनिक स्थानमा (विद्यालय, सामाजिक चाडपर्व, भेला)

बालबालिका विरुद्ध हुने हिंसा, वेचबिखन, शोषण, दुर्व्यवहार जस्ता हिंसा अन्त्य भएको हुनेछ ।

१९. बाल संरक्षण सम्वन्धी समुदायमा आधारित बाल संरक्षण प्रणाली स्थापित भएको हुनुपर्ने ।

२०. स्थानीय स्तरमा रहेका बालअधिकार विरुद्धका कुरीति, कुप्रथाका पूर्णरुपमा अन्त्य भएको हुनेछ । (छाउपडी, कमलरी, बालबिबाह, छुवाछुत जस्ता)

२१.१४ बर्षमुनीका टुहुरा बालबालिकाको संरक्षण स्थानीय तहले गरेको हुनेछ ।

ग) बाल विकास

२२. ३ देखि ४ वर्ष उमेर पुगेका सतप्रतिशत बालबालिकाहरु प्रारम्भिक बालविकास कक्षामा भर्ना भएका हुनेछन्।

२३.६ देखि १४ वर्ष उमेर समूहकाबालबालिकाले आधारभूतशिक्षा (१ देखि कक्षा ८ सम्म) सतप्रतिशत भर्ना भई पुरा गरेको हुनुपर्ने ।

२४. आधारभूत शिक्षा पश्चात विद्यालय शिक्षाबाट बञ्चित भएका वालवालिकाहरुले जीवनउपयोगी शिक्षाप्राप्त गरेको हुनुपर्ने ।

२५. प्रत्येक विद्यालयमा छात्र छात्राको लागि अलग अलग पानीको प्रबन्ध समेत भएको शौचालयको व्यवस्था भएको हुनेछ,

२६.प्रत्येक विद्यालयमा अतिरिक्त कृयाकलाप सम्बन्धी कार्यक्रम संचालन भएको हुनेछ ।

२७. प्रत्येक विद्यालयहरुमा फोहोरहरुको बर्गिकरण गरि अन्तिम विर्सजनको उचित व्यवस्थापन हुनेछ ।

२८. सबै विद्यालयहरुमा बालमैत्री पूर्वाधार तथा बालसिकाई केन्द्र निर्माण हुनेछन ।

घ) बाल सहभागिता

२९. स्थानीय तहको (वडा, गाउँपालिका, नगरपालिकाका) बाल बचाउ, बाल संरक्षण, बाल विकास, र बाल सहभागिता सम्बन्धी संरचनामा सम्बन्धित बाल सञ्जालका एक बालक र एक बालिकाको सहभागी भई बालबालिकाको आवाज समेटिएको हुनु पर्नेछ ।

३०. गाउँपालिका/ नगरपालिकाको प्रत्येक वडामा बाल विकास, बाल सिकाई वा मनोरञ्जानका लागि कम्तीमा एउटा पूर्वाधार भएको हुनुपर्नेछ ।

३१.हरेक गाँउपालिका र नगरपालिकाका प्रत्येक वडामा बाल समूह र संजाल एंव नगर तथा गाँउ तहमा बाल संजाल गठन भई क्रियाशील रहेको हुनेछ ।

३२. स्थानीय तहका सबै सार्वजनिक पुर्वाधार र सार्वजनिक सेवा बालमैत्री बनाईएका हुनेछन् ।

३३. सबै बालक्लव र बाल सञ्जालमा समावेशीकरण आत्मसात गरी गठन भएको हुनेछ ।

२.२ संस्थागत विकास सम्बन्धी सूचकहरु :

३४. स्थानीय तहहरुले आफ्नो लागि बालमैत्री व्यवहार, आचार संहिता, नियम, निर्देशिका तथा कार्यविधिहरु तर्जुमा गरी पूर्ण रुपमा कार्यान्वयनमा ल्याएका हुनेछन् ।

३५.स्थानीय तहमा बालमैत्री स्थानीय शासन प्रवर्द्धन समिति गठन भएको हुनेछ ।

३६.स्थानीयस्तरमा बाल क्लवहरुको सक्रियता रहनेछ ।

३७.समुदायमा आधारित संगठन, समुह र समिति एवं अधिकारमुखी अभियानहरुमा महिला तथा बालबालिकाहरुको सक्रियता रहनेछ र यस्ता समितिहरु बाल अधिकार संरक्षण र सम्वर्द्धनमा क्रियाशील भएका हुनेछन् ।

३८. बालबालिकाका लागि स्थानीय विकास योजना र लगानी योजना तर्जुमा भै कार्यान्वयन भएको हुनेछ ।

३९. नगर तथा गाँउ विकास योजनामा बाल बालिकाकासंग सम्बन्धित योजना तथा कार्यक्रम समेटी एकीकृत नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन भएको हुनेछ ।

४०. सार्वजनिक संस्थाले प्रदान गर्ने नागरिक शिक्षामा बाल अधिकारको विषयलाई समेटेको हुनेछ ।

४१. स्थानीय तहमा बालबालिका सम्बन्धी स्थितीपत्र तयारी तथा प्रकाशन र अद्यावधिक भएको हुनेछ ।